# प्रगति समिक्षा २०७२।०७३

**जिल्ला विकास समितिको कार्यालय ललितपुरको आ.व. २०७२।०७३ को जिल्ला स्तरीय वार्षिक प्रगति समीक्षाः**

जिल्ला विकास समिति, ललितपुरको आ.व. २०७१।७२ को वार्षिक प्रगति समीक्षा मिति २०७३।५।१० गते स्थानीय विकास अधिकारी श्री हरिप्रसाद दाहालज्यूको अध्यक्षताम जिल्ला विकास समितिको कार्यालय ललितपुरको हलमा सु-सम्पन्न भयो। माननीय सभासद्हरु श्री मदनवहादुर अमात्य, श्री चन्द्र महर्जन, श्री सिद्धलाल सिंह, प्रमुख जिल्ला अधिकारी श्री ऋषिराम सर्मा, प्रहरी वरिष्ठ उपरिक्षक श्री पीताम्बर अधिकारी, कार्यकारी अधिकृत, लपु उमनपा श्री भरतमणी पान्डे , कार्यकारी अधिकृत, कार्यविनायक नपा श्री रोहीतराज पोखरेल, कार्यकारी अधिकृत, महालक्ष्मी नपा श्री कृष्ण प्रसाद सापकोटा, कार्यकारी अधिकृत, गोदावरी नपा, श्री रोमवहादुर महत, कार्यकारी अधिकृत वज्रवाराही न,पा, श्री टेकराज पन्थी, जिल्लाका राजनैतिक दलका तर्फबाट नेपाली काँग्रेसका तर्फवाट श्री भिमसेन घिमिरे नेकपा एमालेका श्री हरीकृष्ण व्यन्जनकार नेकपा माओवादी केन्द्रका श्री न्यूहुच्छे महर्जन राप्रपा नेपालका नेकपा मालेका श्री केदार गिरीको सहभागिता रहेको थियो। राजनैतिक दलका तर्फवाट जिल्ला विकास समिति ललितपुरमा प्रतिनिधित्व गर्नुहुने श्री भीमसेन घिमिरे, ने.क.पा.(एमाले)का श्री श्यामकृष्ण सिलवाल, नेकपा माओवादी केन्द्रका श्री राम आचार्य, ने.क.पा.एमाओवादीका न्हुच्छे महर्जन, रा.प्र.पा.का श्री आनन्द अधिकारी , ने.क.पा.मालेका श्री केदार गिरी, ने.क.पा.माओवादीका श्री भीमसेन घिमिरे विपिन, ने.क.पा.नयां शक्ति नेपालका श्री गोपाल संजेलको सहभागिता रहेको थियो । जिल्लास्थित विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, जिल्ला समन्वय समितिका उपाध्यक्षहरु, गा.वि.स. सचिवहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, पत्रकार वन्धुहरु एवं जिल्ला विकास समिति ललितपुरका कर्मचारीहरुको उपस्थिति रहेको थियो । उक्त समीक्षामा स्वागत मन्तव्यः प्रमुख जिल्ला इन्जिनियर श्री रामेश्वर मरहठ्ठले गर्नु भएको थियो। **प्रगति समिक्षाः** विषयगत कार्यालयहरुवाट प्रस्तुतिको क्रममा आ-आफ्ना कार्यालयको वार्षिक प्रगति समिक्षा प्रस्तुत भएको थियो ।

१. जिल्ला वन कार्यालयका प्रमुख, डा. विनोद देवकोटाज्यूबाट

२. जिल्ला कृषि विकास कार्यालयका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत श्री दिपककुमार शर्माज्यूबाट

३. महिला तथा वालवालिका कार्यालय प्रमुख, प्रमुख महिला विकास अधिकृत श्री शारदा विजुच्छेज्यूबाट

४. जिल्ला विकास समिति योजना अनुगमन तथा प्रशासकिय अधिकृत श्री रामचन्द्र लामगादेज्यूबाट

५. जिल्ला शिक्षा कार्यालय सहायक प्रमुख जिल्लाअधिकारी श्री खेम पोखरेलज्यू

६. डिभिजन सडक कार्यालय प्रतिनिधि इन्जिनियर श्री आरती शाहज्यूबाट

७ घरेलु तथा साना उद्योग कार्यालयवाट श्री रोसनी कुमारी श्रेष्ठज्यूवाट

८ जिल्ला जनस्वास्थ्य कार्यालयवाट कार्यालय प्रमुख श्री झलक पौडेलज्यूवाट

९ जिल्ला पशुसेवा कार्यालयवाट कार्यालय प्रमुख श्री गगन वहदुर विष्टज्यूवाट

१० खानेपानी तथा स डि का प्रमुख श्री फत्तवहादुर क्षेत्रीज्यूवाट

११ काठमान्डौ उपत्यका विकास प्राधिकरण का श्री नारायण प्रसाद भन्डारीज्यूवाट

१२ जिल्ला भूसंरक्षणकार्यालयका श्री दिवाकर मास्केज्यूवाट

१३ देविचौर गा०वि०स० सचिव श्री एक नारायण काफ्लेज्यूवाट

१४ नल्लु गा०वि०स० सचिव श्री दामोदर रीजालज्यूवाट

बांकी कार्यालयहरुको समिक्षा पुस्तिकामा समावेश गरीने व्यवस्था रहेको थियो ।

**अन्तरक्रिया तथा गुनासाहरुमा**

दलित वर्ग उत्थान समन्वय समितिका उपाध्यक्षले आफ्नोलागि मासिक भत्ता नभएको आफुले कुनै पनि कार्यक्रम गर्न नपाएको गुनासो राख्नु भयो ।

नयां शक्ति नेपालका प्रतिनिधि गोपाल संजेलले वजेट कार्यक्रम मात्र आएको कार्यक्रमको प्रभावका कुरा नआएको कुरा राख्नु भयो । २ वटा गाविसको मात्र समिक्षा भयो सवै गाविसको समिक्षा हुन पर्ने र एम सिपिएममा उत्कृष्ठ हुनेगरी कार्यक्रम आउन पर्ने भना रहेको छ ।

राप्रपाका प्रतिनिधि श्री आनन्द अधिकारीले आफ्ना जिज्ञासामा उपस्तिति ठिकै रहेको यो गतिमा जनताले परिवर्तनको प्रत्याभूति गर्न नसक्ने जनताको पिडा कहिले सम्वोधन होला जिल्लाको विकास तिव्र रुपमा लगि देशलाइ छलाङ् मार्दै अगाडी लानपर्दछ नत्र जिल्लाको भविष्य छैन भन्ने कुरा खाख्नु भयो ।

**मन्तव्य तथा सुझावहरुः**

**माननीय सांसद मदन वहादुर अमात्यः**

ढूंगाखानि व्यवस्थापन हुन पर्दछ । राजनैतिक दलको समन्वयमा काम गर्नु पर्दछ भने कुरा प्रष्ट पार्नु भयो ।

**माननीय सांसद चन्द्र महर्जनः**

९८ प्रतिशत वजेट खर्च भएको प्रगतिवाट देखिन्छ यो सराहनीय छ ।सानो हात्तिवनवाट कर्मनासामा ढल मिसाउंदै छ ।गोदावरीको ट्रिटमेन्ट प्लान्ट नवनेको भए ढल मिसिसक्ने थियो । इमाडोलवाट पनि ढल मिसासन खोजिंदैछ । स्थानीय पूनसंरचनाका विषयमा संख्या ९२७ हुन पर्दछ ।५६५ ले मात्र पुग्दैन ।

**माननीय सांसद सिद्धिलाल सिंहः**

प्रस्तुत गरेका प्रगति राम्रा छन समस्याको समाधान कसरी गर्ने समन्वय भएको देखिंदैन । वजेट कार्यान्वयनका लागि सरकार फेरीएर केही फरक पर्दैन।सडक निर्माणमा जोड दिन पर्दछ ।

**प्रमुख जिल्ला अधिकारी श्री ऋषिराम शर्माः**

जनताको अपेक्षा अनुसार कार्यगर्न सकेउंकी सकेनउं भन्ने सोच्न पर्दछ। आमुल परिवर्तन गर्न सकेनौ भने जनताको अपेक्षा पराहुन सक्दैन ।आम जनशक्ति विदेशिएको छ कृर्षि र  पशुका कार्यक्रम लक्षित हुन पर्दछ । जनस्वास्थ्य र शिक्षाले कसरी निजिक्षेत्रका स्कूल र अस्पताललाई अनुगमन गर्ने । वनले सडक छेउका वस्तिलाई कसरी व्यवस्थित गर्ने सोच्नु पर्दछ ।सडक र वन मिलेर योजना वनाउन पर्दछ। खानेपानी र भुसंरक्षणले अनुगमन गर्नु पर्दछ । तलैवाट सोचेर सफल कार्यक्रम ल्याउन पर्दछ । नीतिगत सुधारका लागि केन्द्रमा शुझाउ दिन पर्दछ ।

**नेपाली कांग्रेसका श्री भिमसेन घिमिरेः**

प्रगति समिक्षा राजनैतिक दलसंग छलफल नभई हतारमा आयो ।ढुंगा खानी स्थानन्तरण नीति आवश्यक छ। लक्षित वर्ग विकास निति आवश्यक भएको ।विषयगत कार्यालयको वजेट कार्यक्रम छलफल विष्लेषण आवश्यक छ ।

**नेकपा ऐमालेका श्री हरीकृष्ण व्यन्जनकारः**

गत वर्षको जस्तो रहेन राजनैतिक दलसंग छलफल नभै कार्य अगाडी किन भढंयो ।गत वर्षको समिक्षावाट राम्रा नराममा कुरा सिकेर आगामि वर्षको योजना वनाउन पर्दछ । पूर्वाधार विकास वढि आवश्यक छ। कृर्षिलाई प्राथमिकता दिन पर्दछ ।एकिकृत वस्तिविकास योजना आउन पर्द्छ। गिम्दीमा पुल आवश्यकता भएको राष्ट्रिय योजना आयोगवाट आएका योजनाको जानकारी आवश्यक छ। इलाकको वजेट नगरपालिकामा जाने होकी हैन जस्ता जिज्ञासा राख्नु भएको थियो ।

**स्थानीय विकास अधिकारी श्री हरिप्रसाद दाहाल**

ठोस कार्ययोजना वनाएर कार्यन्वयनमा जान पर्दछ। भूकम्पको विषयमा समस्या छ। पुनसंरचनाका विषयमा छलफलहुंदैछ । सवै विषयगत कार्यालयहरुले समन्वय गरेर कार्य गर्न अनुरोध गर्दै सवैलाई धन्यवाद दिंदै गोष्ठीको  समापन गर्नु भएको थियो  ।

## कार्यक्रमका तस्वीरहरु



मन्तव्य दिंदै स्थानीय विकास अधिकारीज्यू

